# ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित परियोजनाहरुको २०७७ फाल्गुण मसान्तसम्मको प्रगति बिबरण सम्बन्धमा प्राधिकरणबाट जारी

## प्रेश बिज्ञप्ति

दूरसञ्चार ऐन, २०५३ को दफा ३० को उपदफा (४) बमोजिम खडा गरिएको ग्रामीण दूरसञ्चार बिकास कोषको परिचालन गरी ग्रामीण क्षेत्रमा ब्रोडब्याण्ड नेटवर्क एक्सेस तथा सूचना महामार्ग निर्माण सम्बन्धमा सञ्चालित बिभिन्न परियोजनाहरु कार्य अघि बढाइएकोमा उक्त परियोजनाहरुको सम्बन्धमा बि. सं. २०७७ फाल्गुण मसान्तसम्ममा भएका प्रगति विवरण देहाय बमोजिम रहेको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि प्रेषित गरिएको छ ।

**१. भौतिक प्रगतिः**

**१.१ ब्रोडव्याण्ड ईन्टरनेट सेवा उपलव्ध गराउने परियोजना:**

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी ब्रोडव्याण्ड सेवा उपलब्ध गराउने १८ वटा प्याकेजहरु मध्ये १३ वटा प्याकेजहरु मार्फत ५० जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा १००% तथा दुईवटा प्याकेज मार्फत १० जिल्लाका तोकिए बमोजिमका स्थानहरूमा ५०% भन्दा बढी कार्य सम्पन्न भई सेवा सञ्चालनमा रहेको अवस्था छ । साथै ३ वटा प्याकेजहरु मार्फत १४ जिल्लाहरुका तोकिए बमोजिमका स्थानहरूमा नेटवर्क तथा कनेक्टिभिटी जडानको लागि सेवा प्रदायकहरु छनौट भई निर्माण कार्य भईरहेको छ। हालसम्म जडान कार्य सम्पन्न भई सञ्चालनमा रहेका Site हरुको विवरण यस प्राधिकरणको वेबसाइट (लिङ्क https://nta.gov.np/en/nta-rtdf-progress/) मा उपलब्ध छ । सम्पन्न भएका परियोजनाहरु मध्ये हालसम्म ५ वटा परियोजनाको Monitoring तथा Verification कार्य सम्पन्न भइसकेको, २ वटा परियोजनाहरुको प्राधिकरणबाट नियुक्त परामर्शदाताहरुबाट Phase I अन्तर्गतको Monitoring तथा Verification कार्य भइरहेको, ४ वटा परियोजनाहरुको Phase II अन्तर्गतको Monitoring तथा Verification कार्य भइरहेको तथा एउटा परियोजनाको Performance Monitoring कार्य भइरहेको अवस्था छ।

२०७७ फाल्गुण  मसान्तसम्म उपरोक्त उल्लेखित ब्रोडव्याण्ड परियोजनाहरुको भौतिक प्रगति बिबरण देहाय वमोजिम रहेकोः

| **विवरण** | **स्थानिय निकायको कार्यालय** | **वडा कार्यालय** | **माध्यमिक विद्यालय** | **स्वास्थ्य संस्थाको संख्या** | **कूल** |
|---|---|---|---|---|---|
| सम्झौता भएका १८ प्याकेजका साईट संख्या | ७०२ | ५,९३३ | ५,२२५ | ४,१२२ | १५,९८२ |
| इन्टरनेट जडान सम्पन्न भएको | ५५० | ४,४७४ | ३,७९२ | ३,१५३ | ११,९६९ |
| जडान गर्न बाँकि संख्या | १५२ | १,४५९ | १,४३३ | ९६९ | ४,०१३ |
| **इन्टरनेट जडान सम्पन्न प्रतिशत** | **७८.३५** | **७५.४१** | **७२.५७** | **७६.४९** | **७४.८९** |

**१.२ मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमूकाम जोड्ने सूचना महामार्ग  सम्बन्धमा:**

ग्रामीण दूरसञ्चार बिकास कोष परिचालन गरी सञ्चालित मध्यपहाडी लोकमार्ग तथा जिल्ला सदरमुकाम जोड्ने सूचना महामार्ग निर्माण गर्ने कार्यलाई तीनवटा प्याकेजहरु मार्फत अगाडी बढाइएको छ ।

१. **प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश):** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरी निजबाट कार्य कार्य भैरहेको छ । हालसम्म ७६७ कि. मि. अप्टिकल फाईबर बिछ्याउने कार्य, २७ वटा DWDM System हरुको जडान भई १० स्थानहरुमा Commissioning कार्य सम्पन्न भएको र Cluster 1 को PAT कार्यको लागि PAT Team गठनको प्रक्रियामा रहेको छ । साथै ४६ वटा Core Router Equipment जडान गर्ने कार्य सम्पन्न भई Comprehensive Technical Verification कार्य सम्पन्न भएको र Cluster 1 को Physical PAT कार्य सम्पन्न भएको अवस्था छ ।
२. **प्याकेज २ (गण्डकी प्रदेश र लुम्बिनी प्रदेश):** श्री युनाइटेड टेलिकम लि. ले २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निजको सम्झौता बमोजिम भौतिक कार्यको प्रगति शुन्य रहेको हुँदा आयोजना सम्पन्न हुनेमा प्राधिकरण विश्वस्त नभएकोले सम्झौताको म्याद थप नगर्ने निर्णय भई उक्त निर्णय बदर गर्नको लागि निज युनाइटेड टेलिकम लि. सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेको र सो विषयमा सर्वोच्च अदालतबाट उक्त रिट निवेदनको टुङ्गो नलागेसम्म अवधी थप नगर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश भएको अवस्था छ ।

३. **प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश):** नेपाल दूरसञ्चार कम्पनी लि. संग २ बर्ष भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ। उक्त कार्यको लागि नेपाल टेलिकमवाट ADSS को LOA जारी भई सम्झौताको प्रक्रियामा रहेको तथा Microwave Radio Document Review कार्य भइरहेको र Bid Document तयारीको अन्तिम चरणमा रहेको र High Capacity DWDM को LOA जारी भएको तथा Core Router को लागि बोलपत्र आव्हान भइ मुल्यांकनको प्रक्रियामा रहेको अवस्था छ । मिति २०७७/११/०९ मा कर्णाली तथा सुदूरपश्चिम प्रदेशमा RTDF अन्तर्गत Optical Fiber Network(UG) को प्याकेज १,२,३ को बोलपत्र समेत प्रकाशित भएको अवस्था छ ।

सूचना महामार्ग निर्माण गर्ने परियोजनाहरुको संक्षिप्त भौतिक प्रगति बिबरण यस प्रकार रहेकोः

| **बिबरण** | **प्याकेज १ (प्रदेश नं. १, २ र बागमती प्रदेश)** | **प्याकेज २ (गण्डकी प्रदेश ४ र लुम्बिनी प्रदेश )** | **प्याकेज ३ (कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश)** |
|---|---|---|---|
| सम्झौता बमोजिम अप्टिकल फाइबरको दूरी (कि. मि.) | २१७९* | २१६० | १९९२ |
| हालसम्म सम्पन्न अप्टिकल फाइबरको दूरी (कि. मि.) | ७६७ | X | X |
| हालसम्मको अप्टिकल फाइबर बिछ्याउने कार्यको प्रगति (प्रतिशत) | ३५.१९ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने उपकरण सम्बन्धी बिबरणः | | | |

| | | | |
|---|---|---|---|
| १. DWDM System | २६(+२ जगेडा) | २१ | २८ |
| २. Core Router Equipment | ४८ | ७३ | ५६ |
| हालसम्म जडान गरिएको उपकरण सम्बन्धी बिबरणः | | | |
| १. DWDM System | २७** | X | X |
| २. Core Router Equipment | ४६ | X | X |
| सम्झौता बमोजिम जडान गर्नुपर्ने माईक्रोवेभ लिंक सम्बन्धी बिबरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | 18 hops |
| हालसम्म जडान गरिएको माईक्रोवेभ लिंक सम्बन्धी बिबरणः | | | |
| माईक्रोवेभ स्पटको संख्या | X | X | X |

* सेवा प्रदायकबाट Detail Implementation Plan भए पश्चात २०८३.५५१ कि.मि. मात्र हुन आएको।

** जगेडाको रुपमा रहेको २ थान DWDM Test Bench को रुपमा पोखरा र बुटवलमा जडान भएको ।

२. बित्तीय प्रगति:

ब्रोडव्याण्ड तथा सूचना महामार्ग परियोजनाहरुको २०७७ फाल्गुण मसान्त सम्मको बित्तीय प्रगति बिबरण देहाय वमोजिम रहेको :

| **विवरण** | **रकम** |
|---|---|
| ब्रोडब्याण्ड परियोजना जम्मा सम्झौता रकम | रु. ५,६७,४६,९१,२७६।३९ |
| सूचना महामार्ग परियोजना जम्मा सम्झौता रकम | रु. ९,८९,१७,००,०००।०० |
| हाल सम्म ब्रोडब्याण्ड परियोजनाको लागि सेवा प्रदायकहरुलाई गरिएको भुक्तानी | रु. २,९८०,८७६,३४८।८८ |
| हाल सम्म ब्रोडब्याण्ड परियोजनाको बित्तीय प्रगति प्रतिशत (%) | ५२.५२ |
| हाल सम्म सूचना महामार्ग परियोजना परियोजनाको बित्तीय प्रगति | प्याकेज १ को लागि Advanced Payment बापत रु ६१,५५,११,७७९।६३ तथा भन्सार महशुल बापत रु १२,८०,२०,४५७।०० मात्र भुक्तानी गरिएको। प्याकेज २ को लागि Advanced Payment बापत रु ४०,२०,००,०००।०० मात्र भुक्तानी गरिएको। |

मिन प्रसाद अर्याल
प्रवक्ता
नेपाल दूरसञ्चार प्राधिकरण
२०७७|११|८